**रामग्राम नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ३ रामग्राम, चैत्र १७ गते, २०७७ साल संख्या ११**

## भाग-२

## **“ रामग्राम नगरपालिकाको राष्ट्रिय /अन्तरराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यविधि,२०७७”**

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७७।१२।१७**

**प्रस्तावनाः** रामग्राम र नेपाललाई भगवान बुद्धको पवित्र अष्टधातु रहेको स्थान एवं सर्वोच्च शिखर सगरमाथाको देश भनेर विश्व सामु चिनाउने,बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने, रामग्राम नगरपालिका तथा बुद्ध सँग सम्बन्धित अन्य पालिकहरुको पर्यटन प्रर्वद्धन, सामाजिक, साँस्कृतिक एवम् शैक्षिक, कृषि, स्वास्थ्य, शिक्षा र खेलकुद लगायतका क्षेत्रको विकासका लागि अन्तरराष्ट्रिय सहयोग र अनुभवको आदान प्रदान गर्न र राष्ट्रिय अन्तराष्ट्रिय लगानी मैत्री वातावरण तयार गरी यस क्षेत्रको एकीकृत विकासका लागि राष्ट्रिय अन्तराष्ट्रिय सहयोग प्राप्त गर्ने र आपसी सम्बन्ध विस्तार गर्ने उद्देश्यले रामग्राम नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ मा भएका व्यवस्था अनुसार रामग्राम नगरपालिका नगरकार्यपालिकाले यस नगरपालिकाको राष्ट्रिय र अन्तरराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यविधि,२०७७ कार्यपालिकाको मिति २०७७।१२।१७ गतेको बैठकबाट स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधीको नाम **रामग्राम नगरपालिकाको राष्ट्रिय /अन्तरराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यविधि,२०७७** रहेको छ ।

(२) यो कार्यविधी नगरकार्यपालिकाले स्वीकृत गरि स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि लागु हुनेछ ।

२। **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले रामग्राम नगरपालिकाको राष्ट्रिय /अन्तरराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यविधी २०७७,सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले रामग्राम नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले रामग्राम नगरपालिकालाई सम्झनु पर्दछ ।

घ) "संविधान" भन्नाले नेपालको संविधानलई सम्झनु पर्दछ ।

ङ) "सहकार्य र सह-सम्बन्ध कायम संस्था" भन्नाले रामग्राम नगरपालिका एवम् नेपालको विकासमा सहयोग गरिरहेका र भविष्यमा नगरपालिकासँग संस्थागत संम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ संस्थालाई सम्झनु पर्दछ ।

च) "भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम पालिका वा सिटी" भन्नाले रामग्राम नगरपालिकासँग भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम भएका र भविष्यमा सम्बन्ध र सह-सम्बन्ध कायम हुने राष्ट्रिय/अन्तराष्ट्रिय पालिका र सिटीलाई सम्झनु पर्दछ ।

छ) "समन्वय शाखा" भन्नाले रामग्राम नगरपालिका नगर कार्यपालिकको कार्यालयमा स्थापित राष्ट्रिय/अन्तरराष्ट्रिय समन्वय शाखालाई सम्झनु पर्दछ ।

ज) "समन्वय अधिकृत" भन्नाले समन्वय शाखामा कार्यरत समन्वय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) "शाखा प्रमुख" भन्नाले समन्यव शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

ञ) "सहकार्य र सह(सम्बन्ध कायम संस्थाका पदाधिकारी" भन्नाले यस नगरपालिका सँग संस्थागत संम्बन्ध कायम भएका र भविष्यमा हुने सरकारी तथा गैरसरकारी संघ संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

ट) **"**सहकार्य पालिका र सिटी **"**भन्नाले रामग्राम नगरपालिका सँग संस्थागत सह(सम्बन्ध कायम भएका र भविष्यमा संस्थागत सम्बन्ध कायम हुने राष्ट्रिय अन्तराष्ट्रिय पालिका र सिटीहरु सम्झनु पर्दछ ।

## परिच्छेद - २

## सहकार्य र समन्वयको पृष्ठभूमि र सम्बन्ध सञ्जाल स्थापना

३। **सहकार्य र समन्वयमा भएका प्रयासलाई संस्थागत गरिने** (१) विभिन्न पालिका/सिटी/संस्था सँगको सम्बन्ध मजबुत बनाउन, नेपालको पर्यटन, स्वास्थ्य, कृषि, सँस्कृति, शिक्षा, खेलकुद, फोहोर व्यवस्थापन लगायतका क्षेत्रहरुमा सहयोग र अनुभवको आदान प्रदान गर्न विश्वभरका सम्पन्न र समृद्ध देशहरु सँग सहकार्य गरेर अगाडि बढ्न एवं आपसी सम्बन्ध विस्तारमा विभिन्न संस्थाले पहल, प्रयास र सहयोग गरी रहेकामा आपसी सहकार्यको यस प्रयासलाई प्रोत्साहन र बिस्तार गर्दै लगिनेछ । नगरपालिकासँग संस्थागत तथा भगिनि सम्बन्ध स्थापित भएका संस्था एवम् पालिका र सिटीहरूको विवरण अनुसूचि १ मा दिइएको छ ।

४। **<u>सम्बन्ध विस्तारको कार्यलाई प्राथमिकतामा राखिने</u>:** (१) सहयोग र सहकार्यको आधारशिला नै आपसी परिचय, अनुभव आदान प्रदान रहेको र रामग्राम नगरपालिका राष्ट्रलाई नै विश्व समुदायमा चिनाउने नगरपालिका भएको हुदाँ राष्ट्रिय र अन्तरराष्ट्रिय सम्बन्ध विस्तारको नीति र रणनीतिलाई प्राथमिकतामा राखी विस्तार गरिनेछ ।

## परिच्छेद - ३

## <u>सहकार्य र समन्वयको निरन्तरता र उद्देश्य</u>

५। **<u>सहकार्य र समन्वयलाई निरन्तरता दिइने</u>** (१) यस रामग्राम नगरपालिको नेतृत्वमा भगवान गौतम बुद्ध सँग सम्बन्धित वरिपरिका पालिकाहरु र विश्वभरका यस पालिका सँग संस्थागत सम्बन्ध भएका र भविष्यमा हुने पालिका/सिटी एवं संस्थाहरु सँगको सम्बन्ध आगामी दिनमा समेत निरन्तरता रहनेछ ।

(२) स्थापित सम्बन्धबाट पालिकको लागी आर्थिक प्राविधिक सहयोग र अनुभव आदान प्रदानमा सहयोग पुग्नेछ । यसै गरी अन्तरराष्ट्रिय संस्थाहरूसँगको सम्बन्ध विस्तारबाट समग्र लुम्बिनी क्षेत्र र विषेश गरी रामग्राम नगरपालिका र बुद्धसँग सम्बन्धित पालिकाहरूको एकीकृत विकासमा सहयोग पुग्ने गरी सहयोगको आदानप्रदान गरिनेछ ।

६। **<u>सहकार्य र समन्वयको उद्देश्य</u>:** (१) रामग्राम नगरपालिका र अन्य राष्ट्रिय र अन्तरराष्ट्रिय संस्था र पालिका र सिटीहरूसँग सहकार्य र सम्बन्ध स्थापना गर्ने प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छनः

क) रामग्राम र नेपाललाई विश्वसामु राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा विश्व शान्ति दुत भगवान गौतम बुद्ध जन्म स्थल र सगरमाथाको देश भनेर चिनाउन सो अनुसारका कार्यक्रम संञ्चालन, समन्वय र सहकार्य गर्ने ।

ख) राष्ट्रिय र अन्तराष्ट्रिय संस्थागत सम्बन्ध विस्तार गर्ने ।

ग) राष्ट्रिय र अन्तरराष्ट्रिय सहयोग र अनुभव आदान प्रदान गर्ने ।

घ) नेपालमा अधिकतम पर्यटक भित्र्याएर नेपाल र विशेषगरी रामग्रामलाई आन्तरिक र बाह्य पर्यटकको गन्तब्य स्थलको रूपमा विकास गर्ने ।

ङ) संसारभरि नै बौद्ध धर्म र दर्शनको महत्व बढ्दै गएको हुँदा भगवान बुद्धले दिनु भएको शान्ति, अहिंसा, परोपकार, सदाचार, अपरिग्रह र्निमोह जस्ता सदगुण मानवहरुको मात्राको लागि महत्वपूर्ण रहेको कुरालाई मार्गदर्शकको रुपमा विश्व मानव जगतमा स्थापित गर्ने र यस्तो विचार र मान्यताको अनुयायीहरू बृद्धि गर्न सहयोग पुर्‍याउने ।

च) भगवान गौतम बुद्धको मार्ग दर्शन र शान्ती मार्गचित्र पालनाले मात्र अहिले संसार भरि नै व्यापक रहेको, आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक समस्या समाधान हुन सक्छ भन्ने मार्ग दर्शनलाई प्रचार प्रसार गर्ने र शान्ती प्राप्त गर्नको लागि भगवान गौतम बुद्ध जन्म स्थल पुगी

भगवान गौतम बुद्धको दर्शन र मेडिटेसन अभ्यासका लागि सर्वसाधारणलाई उत्प्रेरित गर्नको लागि प्रचार प्रसार गर्ने ।

छ) शान्तीका लागि भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध सँग सम्बन्धित क्षेत्र तिलौराकोट घर, देवदह मावली, र यस रामग्राम नगरपालिकाभित्र रहेको अष्टधातु रहेको रामग्राम स्तुपलाई एकिकृत विकासको अवधारणाबाट अन्तरराष्ट्रिय स्तरमा परिचित गराउने।

ज) बुद्ध सँग सम्बन्धित क्षेत्रको प्रचार प्रसार, गरी नेपाललाई अन्तराष्ट्रिय स्तरमा विश्व शान्ति दुत भगवान गौतम बुद्ध जन्मस्थल तथा सगरमाथाको देश भनेर चिनाउन, नेपाल र यस रामग्राम क्षेत्रका पर्यटन र आर्थिक विकासमा अन्तरराष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न यस रामग्राम नगरपालिकाको तर्फबाट आवश्यक सहयोग जुटाउने। यसका लागि विभिन्न देशमा सूचना केन्द्र स्थापना गरी बुद्ध सँग सम्बन्धित क्षेत्र तथा पर्यटक स्थलको प्रचार प्रसार गरी पर्यटनको विकास गर्ने ।

झ) रामग्राम नगरपालिका सँग संस्थागत सम्बन्ध कायम भएका र भविष्यमा संस्थागत संम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ संस्थाका बिच सुमधुर सम्बन्ध कायम गर्ने, सम्बन्धलाई संस्थागत गर्ने, समन्वय र सहकार्य गर्ने ।

## परिच्छेद - ४

## समन्वय शाखाको स्थापना, स्रोत व्यवस्थापन र सेवाका शर्तहरू

७। **समन्वय शाखाको स्थापनाः** (१) परिच्छेद ३ मा उल्लेखित उद्देश्यहरूलाई कार्यरूपमा उतार्नको लागि रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा एक राष्ट्रिय /अन्तरराष्ट्रिय समन्वय शाखा स्थापना गरिनेछ ।

८। **जनशक्ति एवम् स्रोत व्यवस्थापनः** (१) समन्वय शाखामा काम गर्नको लागि नगरपालिकाले एक अधिकृत स्तरको कर्मचारी शाखा प्रमुख र एक जना सहायक स्तरको कर्मचारी को व्यवस्था गर्नेछ। (२) समन्वय शाखामा आवश्यकतानुसार अन्य प्राविधिक एवम् व्यवस्थापकीय कर्मचारीहरू समेत राख्न सकिनेछ।

(**३**)नगरपालिकाले कार्यरत कर्मचारीहरू मध्येबाट तोकिएको कार्यविवरण बमोजिम कार्य सम्पादन गर्न आवश्यक योग्यता र क्षमता भएका कर्मचारीहरूलाई पदअनुसारको कार्य जिम्मेवारी तोक्न सक्नेछ । परामर्श सेवा लिनुपरेमा आवश्यकता अनुसार परामर्श दाताहरुबाट काम गराउन सकिनेछ।

(४) समन्यव शाखाको लागी आवश्यक पर्ने भौतिक सामाग्री र सुविधाहरू जस्तै कार्यालय कोठा, फर्निचर, कम्प्युटर, इन्टरनेट आदिको व्यवस्थापन तथा आर्थिक स्रोत र बजेटको व्यवस्था नगरकार्यपालिकाको कार्यालयबाट गरिनेछ ।

## परिच्छेद - ५
## शाखा प्रमुख र समन्वय अधिकृतको काम, कर्तव्य र अधिकार

९. **शाखा प्रमुखको काम, कर्तब्य र अधिकारः** (१) समन्यव शाखा को कार्य व्यवस्थित र प्रभावकारी रुपमा संञ्चालनका लागी नेतृत्वदायी भूमिका निर्वाह गर्न यस शाखामा रहने शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

क) रामग्राम नगरपालिका र राष्ट्रिय, अन्तराष्ट्रिय सरकारी गैरसरकारी संघ संस्था बीच सम्बन्ध कायम भएका र भविष्यमा हुने सहमती सम्झौता बमोजिम कार्यान्वयन र संञ्चालन हुने परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने।

ख) रामग्राम नगरपालिका र राष्ट्रिय र अन्तराष्ट्रिय पालिका बीचको सम्बन्धलाई संस्थागत, दिगो र सुमधुर बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

ग) रामग्राम नगरपालिकको राष्ट्रिय, अन्तराष्ट्रिय सम्बन्धलाई संस्थागत गर्ने सोका लागी सहयोगी व्यक्ति र संघ संस्था सँग समन्वय गर्ने ।

घ) रामग्राम नगरपालिका सँग संस्थागत संम्बन्ध कायम भएका एवम् भविष्यमा सम्बन्ध कायम हुन सक्ने राष्ट्रियर अन्तराष्ट्रिय सरकारी गैरसरकारी संघ संस्थाबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको विकासमा प्राप्त हुन सक्ने सहयोग र सहकार्यका क्षेत्र पहिचान गरी आर्थिक प्राविधिक सहयोगको योजनार परियोजना निर्माण गर्ने, कार्यान्वयन योजना तयार गर्ने र कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने ।

ङ) समन्यव शाखामा संञ्चालित कार्यक्रमको प्रतिवेदन तयार गरी नगरपालिकामा पेस गर्ने ।

च) नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृतको मातहत एवं निर्देशन अन्तर्गत रही तोकेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद - ६
## समितिहरु एवम् प्रतिनिधी सम्बन्धी व्यवस्था

१०. **कार्यसम्पादन समितिको व्यवस्थाः** (१) समन्यव शाखा को कार्यलाई सहयोग एवम् अनुगमन मुल्याङ्कन गर्न देहाय बमोजिम एक व्यवस्थापन एवं कार्य सम्पादन समिती रहनेछः

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) वडा अध्यक्ष (नगर प्रमुखले तोकेको) १ जना | सदस्य |
| ङ) पर्यटन विज्ञ (नगर प्रमुखले तोकेको) १ जना | सदस्य |
| च) राष्ट्रिय/अन्तराष्ट्रिय विज्ञ (नगर प्रमुखले तोकेको १ जना | सदस्य |
| छ) समन्वय शाखा प्रमुख | सदस्य सचिव |

(२) कार्य सम्पादन समितिका पदाधिकारी एवम् विज्ञको सेवा सुविधा कामको आधारमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

११।**सल्लाहकार समितिको व्यवस्थाः** (१) समन्यव शाखा लाई प्रभावकारी बनाई उद्धेश्य अनुसारका कार्य गर्न राष्ट्रिय / अन्तरराष्ट्रिय अनुभव र दक्षता हासिल प्राप्त महानुभाव रहेको संयोजक सहित ५ सदस्यीय समिति नगर प्रमुखबाट गठन गरिनेछ । सल्लाहकार समितिको काम, कर्तव्य, र अधिकार एवम् सेवा सुविधाहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१२।**प्रतिनिधी तोक्न सक्नेः** (१) अन्तराष्ट्रिय स्तरमा सम्बन्ध विस्तार, आर्थिक, प्रविधिक सहयोग प्राप्ती र अनुभवको आदानप्रदानमा सहजिकरण र समन्वय गर्न एवं रामग्राम नगरपालिकाको प्रतिनिधिको रुपमा अन्तराष्ट्रिय क्षेत्रमा काम गर्न सो क्षेत्रमा अनुभव र दक्षता हासिल गरेका महानुभावलाई कार्यपालिकाले अन्तराष्ट्रिय प्रतिनिधि तोक्न सक्नेछ

१३।**शंसोधन वा खारेज गर्न सकिनेः** (१) यो कार्यविधीमा लेखिएको कुनै दफा उपदफाहरू खारेज वा शंसोधन गर्नु परेमा कार्यपालिका बैठकको निर्णयबाट खारेज वा शंसोधन हुनेछ ।

१४।**बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस कार्यविधीको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

१५।**बचाउ र लागु नहुने** (१) यस कार्यविधिमा लेखिएका कुरा सोही बमोजिम हुने र नलेखिएको कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस कार्यविधीमा लेखिएका दफा तथा उपदफाहरू संघीय ऐन र प्रादेशिक ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृष हुनेछन् ।

(३) नगरपालिकाबाट राष्ट्रिय /अन्तरराष्ट्रिय सम्बन्ध, सहकार्य र समन्वय सम्बन्धी यस अघि भए गरिएका कार्यहरू यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूचि १

**(दफा ३ को उपदफा १ सँग सम्बन्धित)**

**रामग्राम नगरपालिका सँग संस्थागत सम्बन्ध स्थापित भएका संस्था एवम् पालिका र सिटीहरू**

**१**) रामग्राम नगरपालिका सँग सह-सम्बन्ध तथा भगिनी सम्बन्ध स्थापित भएका पालिका तथा सिटीहरूः

(१) राष्ट्रिय स्तरका पालिकाहरूः

क)

ख)

(२) अन्तराष्ट्रिय स्तरका पालिका र सिटीहरूः

क)

ख)

**२**)रामग्राम नगरपालिका सँग संस्थागत सम्बन्ध कायम भएका संस्थाहरुः

क) बुद्ध लुम्बिनी ग्रुप नेपाल र स्पेन

ख) लुम्बिनी गार्डेन फाउण्डेसन नेपाल दर्ता नं २९२०/०७७-०७८ ( लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन )

**प्रमाणीकरण मितिः २०७७/१२/१७**

**आज्ञाले**
**राजेश पन्थी**
**प्रमुख प्रशासकीय अधिकृत**